# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.२०८२।०८३
च.नं.

**यस धनगढी उपमहानगरपालिकाको स्वामित्वमा रहेको कोठाहरूलाई बहालमा दिने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको १५ दिने सूचना ।**

**प्रकाशित मिति: २०८२।५।५**

धनगढी उपमहानगरपालिकाको स्वमित्वमा रहेका घर कोठाहरू वा जग्गालाइ तपसिलमा उल्लेख भए अनुसार सम्झौता भएको मिति देखि लागु हुने गरी एक बर्षका लागि बहालमा दिने निर्णय भएको हुंदा इच्छुक व्यक्ति,(नेपाली नागरिक) फर्म वा कम्पनीहरूबाट देहायको शर्त भित्रको आधिनमा रही १५ (पन्ध्र) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरू</u>

२. घरको प्रति कोठा तथा सटरको मासिक बहाल रकम देहाय अनुसार कायम गरिएको छ ।

| सि.न. | कोठा न./सटर न./वडा न. | मासिक बहाल रकम (बहाल कर सहित) | कैफियत |
|---|---|---|---|
| १. | कार्यालय भवनको पश्चिम पट्टीको घरको कोठा न.६ | १८,०००। | चौथो पटक सूचना प्रकाशित |
| २. | कार्यालय भवनको पश्चिम पट्टीको घरको कोठा न.१६ | १४,७५०। | चौथो पटक सूचना प्रकाशित |
| ३. | धनगढी बस पार्कको सपिङ कम्पलेक्सको माथिल्लो तलाका ७ वटा सटरहरू | ४५,०००। | चौथो पटक सूचना प्रकाशित |

३. दरभाउ पत्र फाराम सूचना प्रकाशित भएको मितिबाट १५ दिन भित्र कार्यालय समयमा टेन्डर दस्तुर बापत रू. १०००।- (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उप-महानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

४. फर्म वा कम्पनीहरूले ठेक्का प्रकृयामा समावेश हुनका लागि आ.व. २०८०।०८१ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । व्यक्तिको हकमा यो लागु हुने छैन ।

५. सूचना प्रकाशित मितिबाट १६ औं दिन दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति,फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

अधिकृत स्तर आठौं

# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स./रा.२०८२।०८३
च.नं.

६. यदि दरभाउ पत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

७. कुनै पनि व्यक्ति, फर्म वा कम्पनीको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

८. दरभाउ पत्र साथ जमानत वाफत आफूले कवोल गरेको रकमको एक वर्षले हुन आउने रकमको ५ प्रतिशत रकम यस धनगढी उप-महानगरपालिका कार्यालयको रा.बा.बैंक धनगढीमा रहेको धरौटी खाता नं. ४१७०१००३०३००००२ मा नगदै जम्मा गरेको सक्कल भौचर वा दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट धनगढी उप-महानगरपालिकाको नाममा जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ ।

९. बहालमा लिने व्यक्ति वा संस्थाले कोठाको वा जग्गाको बहाल सम्झौता गर्दा आफूले कबोल गरेको रकमको १ बर्षले हुन आउने रकम धरौटी बाप ख ्त जम्मा गर्नु पर्नेछ ।

१०. हाल कायम रहेको संरचनाको मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य बहालमा लिने पक्षको नै हुने छ ।

११. संरचना वा जग्गा बहालमा लिने व्यक्ति,फर्म वा कम्पनीले कानूनले निषेध गरेको व्यवसाय संचालन गर्न पाउने छैन ।

१२. बहाल सम्झौता भई सकेपछि बहालमा लिएका संरचनाहरूमा बिजुली, खानेपानी, मर्मत सम्भार र सरसफाई शुल्क, महशुल लगायत अन्य कर सम्बन्धी सम्पूर्ण खर्च बहालमा लिने पक्षले नै व्यहोर्नु पर्ने छ ।

१३. यस सूचनामा उल्लेख नभएका कुरा कार्यालयको निर्णय र प्रचलित ऐन, कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

१४. यो सूचना धनगढी उप-महानगरपालिकाको वेव साईट www.dhangadhimun gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

अधिकृत स्तर आठौं